# समृद्धि फाइनान्स कम्पनी लिमिटेड
## Samriddhi Finance Company Limited
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत पत्र प्राप्त संस्था

Samriddhi Finance
*Partnership for Prosperity*

च.नं. ६६९/०७९/८०

मिति: २०७९/९/८

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिंहदरबार, काठमाण्डौं ।
श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाण्डौं ।
श्री बैंक तथा वित्तिय संस्था नियमन विभाग, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाण्डौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाण्डौं ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री बि.ओ.के. क्यापिटल मार्केटस लि., नक्साल, काठमाण्डौं ।

**विषय : वार्षिक साधारण सभाको जानकारी एवं शेयरधनी दर्ता पुस्तिका बन्द हुने सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा, यस संस्थाको मिति २०७९/९/८ गते शुक्रवार विहानको १०:०० बजे वसेको सञ्चालक समितिको ४६६ औं बैठकको निर्णय बमोजिम यस संस्थाको २१ औं वार्षिक साधारण सभा मिति २०७९ पौष ३० गते शनिवार (तदअनुसार १४ जनवरी २०२३) मा होटल एभोकाडो, "अर्किड रिसोर्ट" हेटौडा, मकवानपुरमा सम्पन्न हुने भएकोले यस वित्तिय संस्थाको शेयर धनी दर्ता पुस्तिका मिति २०७९/०९/१८ गते सोमवार १ (एक) दिन बन्द हुने भएकोले सञ्चालक समितिको निर्णय अनुसार तहाँको जानकारीका लागि हार्दिक अनुरोध गर्दछु ।

**साधारण सभा सम्बन्धी जानकारी**

| | | |
|---|---|---|
| मिति | : | २०७९/०९/३० |
| समय | : | विहानको १०:०० बजे |
| स्थान | : | होटेल एभोकाडो, "अर्किड रिसोर्ट" हेटौंडा, मकवानपुर । |
| लाभांश प्रतिशत | : | नभएको |

Samriddhi Finance

भवदीय,

विनोद राज पौडेल
नायव महाप्रबन्धक तथा कम्पनी सचिव

संलग्न:
१. २१ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना थान १ ।

Samriddhi Finance
Partnership for Prosperity

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड
# Samriddhi Finance Company Limited


नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था
**मुख्य कार्यालयः हेटौंडा, मकवानपुर, फोन नं: ०५७-५२५१००, ०५७-५२३२२९**
**इमेलः** info@sfcl.com.np, **वेबसाइटः** www.sfcl.com.np


## एक्काइसौं वार्षिक साधारण-सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९/०९/०९ गते)

आदरणीय शेयरधनी महानुभावज्यूहरू,

यस समृद्धि फाइनान्स कम्पनी लिमिटेड (साविकको वर्ल्ड मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड) को मिति २०७९/९/८ मा बसेको सञ्चालक समितिको ४६६ औं बैठकको निर्णयानुसार संस्थाको एक्काइसौं वार्षिक साधारण-सभा देहायको मिति, समय र स्थानमा तपशिल बमोजिमका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थानः**

**मिति : २०७९ पौष ३० गते, शनिवार (तदनुसार २०२३ जनवरी १४ तारिख)**

**समय : विहानको १०:०० बजे**

**स्थान : होटेल एभोकाडो "अर्किड रिसोर्ट" हेटौंडा मकवानपुर ।**

**छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्तावहरु :-**

१. सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्षले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब, वित्तिय विवरण तथा नगद प्रवाह विवरण लगायतका अनुसूचिहरू माथि छलफल गरि पारित गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७९/८० को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (हालका लेखापरिक्षक श्री एच.डि.एस.डि. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पूनः नियुक्तिको लागि योग्य हुनुहुन्छ।)
४. सर्वसाधारण समुहबाट रिक्त संचालक पदमा संचालक समितिबाट नियुक्त श्रीमति दुर्गा थापाको नियुक्ति अनुमोदन गर्ने ।
५. संचालक समितिको लागि संस्थापक समुह तर्फबाट १ (एक) जना र सर्वसाधारण समुह तर्फबाट १ (एक) जना संचालकको निर्वाचन गर्ने ।
६. विविध ।

**(ख) विशेष प्रस्तावहरु :-**

१. संस्थाको स्विकृत प्रबन्धपत्रमा संशोधन गर्ने ।
२. संस्थाको स्विकृत नियमावलीमा संशोधन गर्ने ।
३. यस संस्थालाई अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्थासँग एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा प्राप्ति (एक्वीजिसन) को लागि छलफल गर्ने, समभझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने लगायत डिडिए (DDA) गर्न नियमनकारी निकायसँग सम्पर्क गर्न, स्वीकृति लिन वा अन्य कुनै पनि विषयमा संशोधन, परिमार्जन, थपघट वा परिवर्तन गर्ने लगायत सो सम्बन्धमा प्रचलित नियमानुसार जे जो गर्नुपर्ने हो सोको लागि चाहिने सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।
४. प्रबन्ध-पत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि) बाट कुनै कुराहरु फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात तथा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
५. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी अन्य सामान्य जानकारी

१. यस एक्काइसौं वार्षिक साधारणसभा प्रयोजनको लागि संस्थाको शेयरधनी दर्ता पुस्तिका मिति २०७९/०९/ १८ गते एक दिन बन्द रहनेछ। शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति २०७९/०९/१८ भन्दा अघिल्लो दिनसम्म कारोबार भई प्रचलित नियम बमोजिम यस संस्थाको शेयर रजिष्ट्रार बि.ओ.के. क्यापिटल मार्केट लि. काठमाण्डौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त साधारणसभामा भाग लिन तथा मतदान गर्न पाउनेछन्।
२. संचालकको निर्वाचनमा मतदान गर्ने शेयरधनी वा निजको प्रतिनिधिले भौतिक रुपमा साधारण सभामा उपस्थित भई मतदान प्रक्रियामा सहभागी हुनुपर्नेछ।
३. वार्षिक साधारण सभामा भौतिक रुपमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ। हाजिरी पुस्तिका बिहान ९ बजे देखि सभा चालु रहुन्जेल सम्म साधारण सभा हुने हलको बाहिर पट्टी खुल्ला रहनेछ।
४. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले यस संस्थाकै अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ। प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा यस कम्पनीको कार्यालयमा उपलब्ध वा वेभसाइटमा उपलब्ध प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै (२०७९/९/२८ गते विहान १० बजेसम्म) कम्पनीको प्रधान कार्यालय हेटौंडा वा शाखा कार्यालय पुतलीसडक, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ।
५. नाबालक वा असक्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्ति वा प्रतिनिधी (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न प्रतिनिधि तोक्न पाउनेछ।
६. संयुक्त रुपमा शेयर खरीद गरि लिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ।
७. एकै शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि मुकरर गरेमा संस्थाको कार्यालयमा पहिलो दर्ता भएको प्रतिनिधिलाई मात्र मान्यता दिइनेछ।
८. संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठित संस्थाद्धारा मनोनित व्यक्तिले ल्याउने प्रोक्सी फाराममा संस्थाको छाप र संस्थाको आधिकारीक व्यक्तिको दस्तखत हुनु पर्नेछ।
९. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफैं उपस्थित भएमा प्रोक्सी स्वतः बदर हुनेछ।
१०. सभामा आफ्नो प्रश्नहरु सोध्न इच्छुक शेयरधनीले अध्यक्षले तोकेको समयमा आफ्नो प्रश्न संक्षेपमा सोध्नु पर्नेछ। यस्तो प्रश्न साधारण सभा अगावै वा साधारण सभाको समयमा लिखित रुपमा पनि सोध्न सकिनेछ। साधारण सभा अगावै सोधिने यस्ता प्रश्न संस्थाको प्रधान कार्यालय वा पुतलिसडक शाखा कार्यालयमा दर्ता गराउने वा इमेल info@sfcl.com.np मा पठाउन सकिने छ।
११. शेयरधनी महानुभावहरुले सोधेका प्रश्नहरुका सम्बन्धमा अध्यक्षले वा निजले तोकेको व्यक्तिले बेग्लाबेग्लै वा सामुहिकरुपमा उत्तर दिनु हुनेछ।
१२. सभाको दिन सभा सुरु हुने भनी तोकिएको समयमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ।
१३. संचालक समितिको निर्वाचनका लागि निर्वाचन अधिकृतले निर्वाचनको कार्यक्रम साधारण सभाको मिति भन्दा एक साता अगाडी नै प्रकाशन गरी निर्वाचन कार्यक्रम संचालन गर्नेछन्। संचालकको निर्वाचन सम्बन्धी कार्यक्रम संस्थाको प्रधान कार्यालय हेटौंडा तथा संस्थाको वेभसाइट www.sfcl.com.np मा प्रकाशन हुनेछ। निर्वाचन अधिकृतको कार्यालय संस्थाको प्रधान कार्यालय हेटौंडामा रहनेछ। पुतलीसडक स्थित शाखा कार्यालयमा पनि निर्वाचन कार्यक्रमका लागि सम्पर्क गर्न सकिनेछ।
१४. साधारण-सभामा प्रस्तुत हुने प्रतिवेदन साधारण-सभा भन्दा अघि नै प्राप्त गर्न इच्छुक शेयरधनी महानुभावहरुले कम्पनीको प्रधान कार्यालय हेटौंडा वा शाखा कार्यालय पुतलीसडक, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क राख्नुहुन अनुरोध छ। साथै यो सूचना र यस संस्थाको २०७८/०७९ को वार्षिक प्रतिवेदन तथा आर्थिक विवरण संस्थाको वेबसाइट www.sfcl.com.np मा हेर्न तथा डाउनलोड गर्न सक्नुहुनेछ।